का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १८, अंक १२०
❒ ८ असार २०७७, सोमबार
❒ 22 June 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

अपडेटः आइतबार साँझसम्म

नेपालमा	संक्रमित	निको भएको	परीक्षण गरिएको	आइसोलेसनमा	मृत्यु
	९०२६ जना	१७७२ जना	१७५१७३	७३३१	२३ जना

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विश्वभर	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
	८९ लाख ६० हजार	४७ लाख ६८ हजार	४ लाख ६८ हजार	३७ लाख २४ हजार

स्रोत : वर्ल्डोमिटर डटकम

सूर्यग्रहणः कञ्चनपुरको महाकाली नदी किनारबाट आइबार देखिएको सूर्यग्रहण । काठमाडौंको स्वयम्भूबाट आइतबार १२:४५ मा देखिएको सूर्यग्रहण (दायाँ) । सूर्य ग्रहण आइतबार बिहान १०:५३ बजे शुरू भएर दिउँसो २:२४ बजे सकिएको थियो । तस्वीरः प्रदीपराज वन्त र शेरबहादुर सिंह

नौ हजार नाघे संक्रमित

■मृतक संख्या २३ पुग्यो

परीक्षण दर बढाइए सँगै संक्रमित संख्या पनि थपिएको छ । आइतबार ४२१ जना संक्रमित थपिएसागै नेपालमा संक्रमित हुनेको संख्या नौ हजार नाघेको छ भने मृतक संख्या २३ पुगेको छ ।

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार ।

गएको २४ घण्टामा ४२१ जना कोभिड-१९ का संक्रमित थपिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी २४ घण्टामा ४२१ जना संक्रमित थपिएका छन्। आइतबार थपिएको संख्या सहित नेपालमा संक्रमित संख्या नौ हजार २६ पुगेको छ ।

एक दिनको अवधिमा १९४ जना निको भएर घर फर्किएका छन् । निको हुमो १८६ जना पुरुष र ८ जना महिला छन् । आइतबारसम्म निको हुने बिरामीको संख्या एक हजार ७७२ जना पुगेको छ। मन्त्रालयले थप दुई जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्याङ्कअनुसार, नेपालमा मृतक संख्या २३ पुगेको छ ।

गल्याङ नगरपालिका–१, राम्दीस्थित शिव पार्वती वृद्धा आश्रममा बस्दै आएका ज्येष्ठ नागरिक । कोरोना भाइरसको संक्रमणका कारण आश्रममा वृद्धवृद्धालाई भेट्न बाहिरबाट आउनेलाई प्रवेश रोक्न बार लगाइएको छ । तस्बिरः हिमलाल पराजुली/रासस

पीसीआर परीक्षणको दर समेत बढाइएको सरकारले जनाएको छ। आइतबार अहिलेसम्मकै उच्च संख्यामा पीसीआर परीक्षण भएको छ। २४ घण्टामा आठ हजार ६ जनाको पीसीआर परीक्षण गरिएको छ । हालसम्म देशका २४ वटा प्रयोगशालाबाट एक लाख ७५ हजार १७३ जनाको पीसीआर परीक्षण गरिएको छ भने आरडिटी प्रणालीबाट दुई लाख ६२ हजार १७४

बाँकी पृष्ठ २ मा

नयाँका लागि पनि वैदेशिक रोजगारी खुला

■सीसीएमसीले अधिकार दियो मन्त्रालयलाई ■कोभिड परीक्षणको शुल्क जाने कामदारले तिर्नुपर्ने

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) ले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई वैदेशिक रोजगारीमा जाने नयाँ कामदारहरुका लागि श्रम स्वकिृति दिन सक्ने अख्तियारी प्रदान गरेको छ। कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को शुक्रबार बसेको बैठकले परिस्थिति हेरेर श्रम मन्त्रालयलाई विदामा नेपाल आएकासहित नयाँ रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृति दिने निर्णय गर्न सक्ने उल्लेख गरेको छ ।

सीसीएमसीले शुक्रबार श्रम स्वीकृति खोल्ने निर्णय गरेको सार्वजनिक भएको थियो । तर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव र वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालले सीसीएमसीको लिखित निर्णय आधिकारीक रुपमा हेर्न नपाएको भन्दै कोरिया र जापानजस्ता देशबाट विदामा आएका कामदारका लागि श्रम स्वीकृति दिने निर्णय भएको हुनसक्ने जानकारी दिएका थिए ।

आइतबार श्रम मन्त्रालयले आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरेको सीसीएमसीको शुक्रबारको निर्णयमा मन्त्रालयलाई वैदेशिक रोजगारीमा जाने नयाँ कामदारहरुलाई पनि प्रचलित जनस्वास्थ्य प्राटोकल पालना गरी श्रम स्वीकृति दिनसक्ने म्याण्डेट दिएको देखिएको छ ।

सीसीएमसीको निर्णयमा भनिएको छ, 'वैदेशिक रोजगारीमा रही विदामा नेपाल आएका र नयाँ रोजगारीका लागि विदेश जाने श्रमिकको हकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अध्ययनका लागि जाने विद्यार्थीका हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा कोभिड-१९ परीक्षणको रिपोर्ट चाहिने भएमा सो जाँच गर्दा लाग्ने खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्ने गरी र प्रचलित जनस्वास्थ्य प्राटोकल पालना गरी आवतजावत अनुमति दिने । मन्त्रालयले जनस्वास्थ्यको प्रोटोकल भनेपछि सार्वजनिक गर्ने बताएको छ । यो निर्णयअनुसार कामदारको स्वास्थ्य परीक्षण लागत भने बढ्ने छ ।'

उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा रहेको कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले गत फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति स्थगनको निर्देशन दिएपछि विभागले गत फागुन ३० गतेदेखि वैदेशिक रोजगारीमा जाने, घर विदामा नेपाल आएका तथा नयाँ प्रकारका श्रम स्वीकृति अनिश्चितकालका लागि स्थगन गरेको थियो ।

सीसीएमसीको यो निर्णयले विगतमा श्रम स्वीकृति प्राप्त गरेका तर कोभिड-१९ संक्रमणका कारण वैदेशिक

बाँकी पृष्ठ २ मा


(ख) वैदेशिक रोजगारीमा रही विदामा नेपाल आएका र नयाँ रोजगारीको लागि विदेश जाने श्रमिकहरुको हकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुका हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा कोभिड-१९ को रिपोर्ट चाहिने भएमा सो जाँच गर्दा लाग्ने खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्ने गरी र प्रचलित जनस्वास्थ्य प्रोटोकल पालना गर्ने गरी आवतजावत अनुमति दिने।

वैदेशिक रोजगार विशेष

जहाज खुल्ने कहिले ?

काठमाडौं/मस– कोरोना भाइरस (कोभिड-१९) संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) ले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई वैदेशिक रोजगारीमा जाने नयाँ कामदारहरुका लागि श्रम स्वकिृति दिन सक्ने अख्तियारी प्रदान गरेपछि कामदारलाई रोजगार गन्तव्यसम्म पुग्नका लागि नेपालीसहित विदेशी उडान कहिले खुल्लान ? भन्ने जिज्ञासा व्यापक बढेको छ ।

सरकारले आगामी असार २१ गते मध्यरातसम्मका लागि अन्तराष्ट्रिय उडान बन्द गरेको छ । सरकारले वैदेशिक रोजगारीमा जाने नयाँ कामदारहरुलाई श्रम स्वीकृति दिने निर्णय गरेपनि व्यवसायिक अन्तर्राष्ट्रिय उडान सहज नभएमा चार्टर उडानबाट नेपाली कामदार हालको महँगो जहाज टिकट खरिद गरी जान सक्ने अवस्था नरहेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

नागरिकता विधेयक बहुमतबाट पारित

■सात वर्ष पछाडि मात्रै वैवाहिक अंगीकृत नागरिकता

नेपाली पुरूषसँग विवाह गर्ने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै नागरिकता पाउने व्यवस्था राज्य व्यवस्था तथा सुशासन समितिको बहुमतबाट पारित भएको छ । प्रतिपक्षी दल नेपाली काँग्रेस र जनता समाजवादीले भने फरक मत राखेका छन् ।

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले नेपाली पुरुषसँग विवाह गरी आउने विदेशी महिलाले सात वर्ष पछि मात्रै अंगीकृत नागरिकता पाउने व्यवस्था बहुमतबाट पारित गरेको छ । समितिकी सभापति शशी श्रेष्ठले नागरिकता विधेयकमा नेपाली पुरुषसँग विवाह गरी आउने महिलाले अंगीकृत नागरिकता पाउनेबारे सहमति जुटाउन आइतबारसम्मको समय दिएकी थिइन् ।

तर, आइतबारसम्म कुनै सहमति जुटेन । सहमति जुट्न नसकेपछि समितिको आइतबारको बैठकले विदेशी महिलाले नेपाली पुरुषसँग विवाह पश्चात् नागरिकता लिन चाहेमा वैबाहिक सम्बन्ध कायम भइ निरन्तर सात वर्ष नेपालमा स्थायी बसोबास गरेपछि मात्रै नागरिकता लिन पाउने व्यवस्था बहुमतले पारित गरेको हो ।

तर, त्यस अगाडि नै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोग गर्न भने स्थायी आवासीय अनुमतिपत्र भने दिइनेछ । पेशा र व्यवसाय सञ्चालन गर्न, उद्योग, ब्यापार तथा व्यवसाय स्थायी परिचयपत्रको आधारमा पाउनेछन् ।

सत्तारुढ नेकपाको निर्णयमा प्रतिपक्षी दलहरु न्पाली काँग्रेस र जनता समाजवादी पार्टीले भने फरक मत राखेका छन् । यस अगाडि पनि यी दुई दलको सहमति थिएन ।

शनिबार बसेको नेकपाको सचिवालय बैठकले नै यसबारे धारणा प्रष्ट पारेको थियो । शनिबार बिहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको नेकपाको सचिवालय बैठकले प्रस्तावित नागरिकता सम्बन्धी विधेयकमा वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्ने सम्बन्धी धारणा प्रष्ट पारेको हो । नेकपाले सचिवालयकै निर्णयअनुसार, बहुमतबाट विधेयक अगाडि बढाएको छ ।

सुशासन समितिमा दुई वर्ष देखि छलफल भइरहेको विधेयकबारे समितिमा सहमति जुट्न नसकेको थिएन । बिहीबार मात्रै बसेको समितिमा पनि नेकपासँग मिल्दोजुल्दो प्रस्ताव आएको थियो । समितिमा प्रस्ताव गरिएको प्रावधानअनुसार, पनि नेपाली पुरुषसँग विवाह गरी आउने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै अंगीकृत

बाँकी पृष्ठ २ मा

९५ प्रतिशत संक्रमित विदेशबाट आएका

नेपालमा कोभिड महामारीको संक्रमित पुष्टि भएका मध्ये ९५ प्रतिशत विदेशबाट आएकोमा दखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । त्यस मध्ये पनि भारतबाट आएकाहरूको संख्या अत्याधिक छ ।

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार ।

नेपालमा कोभिड-१९ संक्रमितको संख्या नौ हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नौ हजार २६ जनामा कोभिडको संक्रमण पुष्टि भएको सन्दर्भमा अहिलेसम्म यो रोग समुदायमा नफैलिएको विज्ञले बताएका छन् । पिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुवेद पाण्डे संक्रमितको संख्या बढिरहे पनि कोभिडको सङ्क्रमण समुदायमा फैलिनसकेको बताए ।

स्वास्थ्य मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा आइतबार कोभिड-१९ बारे जानकारी दिँदै डा पाण्डले नेपालमा कोभिडका सङ्क्रमितमध्ये अधिकांश विदेशबाट आयातीत व्यक्ति भएकाले नेपालमा अहिलेसम्म समुदायमा रोग नभएको बताए ।

उनका अनुसार कूल कोभिडका संक्रमितमध्ये ९५ प्रतिशत विदेशबाट आएका र तीमध्ये पनि सबैजसो भारतबाट आएका छन् । यो संख्यामा ९२ प्रतिशत पुरुष छन् । उनीहरु १५ देखि ५४ वर्ष उमेरका छन् ।

कोभिड महामारीका कारण मलको अभाव देखिएको छ । बजारमा मल अभाव भएपछि मल सहकारीले आइतबार हेटौंडामा वितरण गरिएको युरिया मल लिन लाइनमा बसेका किसान । तस्बिरः अञ्जली थापा/रासस

उनीहरु श्रमका लागि विदेश गएका र नेपाल फर्कदा कोभिड सङ्क्मित भएर आएको अवस्था रहेको डा पाण्डेले बताउनुभयो ।

उनले भने, "अहिलेसम्म कोभिड सङ्क्मितमध्ये सबैजसो व्यक्ति विदेशबाट आएका र आयातीत व्यक्ति पनि धेरैजसो पुरुष हुनुहुन्छ, उहाँहरु काम विशेषले विदेश गएर फर्किएकाले नेपालमा अहिलेसम्म समुदायमा रोग नगएको कुरा पुष्टि हुन्छ ।"

डा पाण्डेले अहिलेसम्मको मृत्युको अवस्थालाई हेर्दा पनि कोभिड-१९ का कारण मृत्यु भएका २३ मध्येमा चार महिला र बाँकी पुरुष छन् । उनीहरु पनि विभिन्न किसिमका दीर्घ रोगका कारण मृत्यु भएको देखिन्छ । विशेषगरी किड्नी, दम, उच्च रक्तचापआदिका बिरामीको बढी मृत्यु हुने गरेको बताइएको छ ।

अहिले दैनिक बढेको कोभिड संक्रमितको ग्राफ अबको केही दिनमा क्वारेन्टिनको परीक्षण सकिएपछि

बाँकी पृष्ठ २ मा

‘अब चीनसँगको सीमाङ्कन टुंगो लगाउनुपर्छ’

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार

सीमाविद् बुद्धिनारायण श्रेष्ठले अद्यावधिक नक्सा अनुसार संविधान जारी भएपछि अब चीनसँगको सीमाङ्कन टुंगो लगाउनुपर्ने बताएका छन्। लिपुलेक पश्चिममा चीनसँग पनि सिमांकन नभएको उल्लेख गर्दै उनले लिम्पियाधुरासम्म सीमाङ्कन गरी त्रिदेशिय विन्दु खडा गर्न चीनसँग आग्रह गर्नुपर्ने बताए।

चीनको १४ र भारतको ७ स्थानमा त्रिदेशिय विन्दु कायम भएपनि नेपालको २ वटा विन्दु समेत कायम नभएको उल्लेख गर्दै उनले चीनलाई सीमाङ्कन टुंगो लगाउन आग्रह गरे। उनले त्रिदेशिय विन्दु स्थापनाका लागि भारतलाई पनि मनाउनुपर्ने बताए। राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा सीमाविद् श्रेष्ठले नेपालको अद्यावधिक नक्सा संयुक्त राष्ट्र संघमा बुझाउन ढिला गर्न नहुने बताए।

सांसदहरुको लोगो, मन्त्रालय, निर्देशनालय, प्रदेश लगायत नक्सा प्रयोग भएका लेटरप्याडहरु तत्काल परिवर्तन गर्नुपर्ने उनले बताए। केन्द्रीय तथ्यांक विभागलाई तत्काल नेपालको नयाँ क्षेत्रफल प्रकाशन गर्न लगाउनुपर्ने उल्लेख गर्दै उनले गुगललाई नेपालको नक्साका विषयमा जानकारी दिई नेपालमा रहेका कुटनीतिक नियोगहरुमा तत्काल नक्सा वितरण गर्नुपर्ने बताए।

सीमा समस्या वार्ताबाट मात्रै समाधान हुन सक्ने भन्दै उनले सडकमा आएर दुई चार शब्द भन्दै विच्काएर नहुने बताए। नेपाली भूमिबाट भारतीय सेना फिर्ता वातावरण नेपालले बनाउनुपर्ने उनले बताए। भारत वार्ताका लागि कुनै पनि हालत तयार नभए अन्तर्राष्ट्रिय क्षेत्रबाट दवाब सिर्जना गराउनुपर्ने सुझाव उनले दिएका छन्। भारतसँग भएको प्रमाण कमजोर भएका कारण वार्ताका लागि तयार नभएको आशंका गर्दै उनले राष्ट्रसंघमा रहेका देशहरुको माध्यमबाट भारतलाई वार्ताका लागि दवाब सिर्जना गर्नुपर्ने बताए।

उनले अद्यावधिक नक्सा अनुसार संविधान संशोधन भएपछि अबको कदम के हुने भनेर जिज्ञासा राखेका थिए। समितिले राष्ट्रिय महत्वको दस्तावेज तयार गरी संसदमा पेश गर्ने तयारी गरेको समिति सभापति रामनारायण विडारीले बताए।

लकडाउन अवधिको पनि शुल्क बुझाउन निजी विद्यालयको आग्रह

काठमाडौं/मस- विद्यालय सञ्चालकहरूले सरकारी निर्णयक अबज्ञा गर्दै निजी विद्यालय सञ्चालकहरूको छाता संगठन नेशनल प्याब्सन र एन प्याब्सनले लकडाउनको समयको पनि शुल्क बुझाउन अभिभावकहरूलाई आग्रह गरेका छन्। आइतबार संयुक्त विज्ञप्ति निकालेर निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) ले शुल्क तिर्न अभिभावकलाई आग्रह गरेको हो।

कोरोना भाइरस का कारण विद्यालयहरू चैतबाटै बन्द छन्। सरकारले चैत महिनाको शुल्क नलिन विद्यालयहरूलाई भनेको छ भने त्यसपछि पनि अनलाइन कक्षाको समेत शुल्क लिन नपाइने भनेको छ। तर छाता संगठनहरुले विद्यालयमा उपस्थित भई पूरानो शुल्क बाँकी रहेको भए चुक्ता र नयाँ शैक्षिक सत्रअनुसार विद्यार्थी भर्ना गरी शुल्क उपलब्ध गराइदिन अभिभावकलाई आग्रह गरेका छन्।

‘निजी शैक्षिक संस्थाहरू स्थापनाकालदेखिनै अभिभावकहरू, विद्यालय व्यवस्थापन, प्रशासन शिक्षक, कर्मचारीको त्रिकोणात्मक समन्वय र सहकार्यबाट सञ्चालन भएकाले शैक्षिण गुणस्तरसँग कुनै सम्झौता नहुने गरी शिक्षा ऐनमा व्यवस्था भए बमोजिम वर्षमा १९२ दिन पढाइको लक्ष्य पूरा गर्न हामी सरोकारवाला निकायसँग समन्वय गर्दै नयाँ शैक्षिक सत्र क्यालेन्डर निर्माणका साथै पठन-पाठनलाई प्रविधिको अधिकतम प्रयोग गरी अनलाइन लगायत टेलिभिजन, रेडियोजस्ता माध्यमबाट निरन्तरता दिँदै कोभिड-१९ का कारणले अभिभावकवर्गको आर्थिक अवस्थामा पर्न गएको प्रभावको अध्ययन गरी अभिभावकहरूलाई अधिकतम राहत पुर्‍याउन कटिबद्ध छौं,’ विज्ञप्तिमा भनिएको छ, ‘उल्लेखित कार्यहरू सञ्चालन र समन्वय गर्न विद्यालयमा नयाँ भर्ना तथा शैक्षिक सत्र २०७७ मा अध्ययन गर्ने विद्यार्थीको तथ्याङ्क अध्यावधिक गरी शैक्षिकलगायत अन्य गतिविधिमा शिक्षक-कर्मचारीहरू परिचालन गर्नका लागि आवश्यक आर्थिक व्यवस्थापन गर्न नेपाल सरकारका तर्फबाट आजका दिनसम्म कुनै पनि प्रकारको सहयोगको आश्वासन समेत प्राप्त नभएको अवस्था निजी विद्यालयको एक मात्र आर्थिक स्रोत विद्यार्थीहरूबाट प्राप्त हुने शुल्क सङ्कलन हुने नसकेको विषम परिस्थितिमा अभिभावकवर्गको भूमिका अन्त्यन्तै महत्वपूर्ण हुने हुँदा ‘बाँचौ र बचाऔं’को मर्मलाई ख्याल गर्दै अभिभावकज्यूहरूबाट सकारात्मक सहयोग प्राप्त नभएका निजी विद्यालयहरू अत्यन्तै जटिल अवस्थामा पुगी सम्पूर्ण शैक्षिक गतिविधिहरू समेत प्रभावित हुने हुँदा आदरणीय अभिभावकज्यूहरूले सामाजिक दूरी कायम हुनेगरी विद्यालयमा उपस्थित भई आ-आफ्ना छोराछोरीको (नयाँ तथा पुरानो) अभिलेखीकरण गराउने, २०७६ सालको बाँकी बक्यौता सम्भव भएसम्मको चुक्ता गर्ने, २०७७ सालको विद्यालयमा बुझाउनुपर्ने शुल्क भुक्तानी गर्ने जस्त आर्थिक गतिविधिमा सहभागी भई र सहयोगी भई विद्यालयलाई अधिकतम सहयोग गरिदिनुहुन हार्दिक अपिल गर्दछौं।’

लकडाउनको कारणले हाम्रा विद्यालयहरू लगातार बन्द रहँदा विद्यालयको आम्दानी शुन्य भएको, विद्यालयहरूमा आश्रित दुई लाख भन्दा बढी शिक्षक, कर्मचारी तथा तिनका परिवारजनको जीवनयापन कठिन भएको पनि उनीहरूले चित्रित गरेका छन्।

‘भाडामा सञ्चालित विद्यालयहरूले भाडा तिर्न नसकेको, बैंकको ऋणको सावाँ-व्याज, किस्ता बुझाउन नसकेको अवस्थाले गर्दा मुलुकको शैक्षिक क्षेत्रमा ३० प्रतिशत हिस्सा ओगट्ने निजी शैक्षिक संस्थाको अस्तित्वमाथि नै प्रश्नचिह्न लागेको अवगत गराउन चाहन्छौं। नेपाल सरकाले अन्य क्षेत्र (जस्तै, उद्योग, पर्यटन, होटल, यातायात)का लागि बजेट मार्फत आर्थिक राहतका कार्यक्रम ल्याएता पनि हाम्रा निजी क्षेत्रका शैक्षिक संस्थाहरूका माग र अपरिहार्यता बमोजिम राहतका कुनै कुरा नेपाल सरकारको बजेट मार्फत सम्बोधन नभएको कुरा समेत यसै अपिल मार्फत अवगत गराउँदछौं,’ उनीहरूले सरकारप्रति असन्तुष्टि पनि पोखेका छन्।

बालबालिकाको शैक्षिक भविष्य सुनिश्चित गर्न र विद्यालयको शैक्षिक कार्यक्रम निरन्तरताका लागि नेपाल सरकार, प्रदेश सरकारहरू स्थानीय सरकारहरू र अन्य सबै सरोकारवाला निकायहरू, संघसंस्था तथा आम नागरिकलाई पनि आग्रह गरेका छन्। समुदायले आ-आफ्नो ठाउँमा अनुकूल परिस्थिति निर्माणमा सहयोग पुर्‍याइदिने उनीहरूले विश्वास पनि व्यक्त गरेका छन्।

प्यूठानमा कोरोना संक्रमितको संख्या ९५ पुग्यो

रविन विश्वकर्मा/मध्यान्ह
प्यूठान, ७ असार

प्यूठानमा कोरोना संक्रमितको संख्या ९५ पुगेको छ। आइतबार थप १४ जनामा कोरोना संक्रमण पुष्टी भएसँगै जिल्लामा कोरोना संक्रमित ९५ पुगेका हुन। भारतका विभिन्न स्थानबाट आएर क्वारेन्टाइनमा बसेकाहरुमा कोरोना संक्रमण देखिएको हो।

आइतबार कोरोना पुष्टि हुनेमा प्यूठान नगरपालिका वडा न ३ का ४ जना, वडा नं. ५ का ५ जना, नौबहिनी गाउँपालिका वडा न ७ का ३ जना, माण्डवी गाउँपालिका वडा न ५ का १ जना र गौमुखी गाउँपालिका वडा न ७ का १ जना रहेका छन्। उनीहरुको उमेर १६ देखि ५० बर्षसम्म रहेको छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा १४ जनामा कोरोना पोजेटिभ देखिएको स्वास्थ्य कार्यालय प्यूठानका फोकल पर्शन पुस्कल श्रेष्ठले बताए। श्रेष्ठका अनुसार यसअघि माण्डवी गाउँपालिकामा कोरोना संक्रमित भएका ८ जनाको फलो अपमा पठाइएकोमा ७ जनाको रिपोर्ट पुनः पोजेटिभ देखिएको छ भने १ जनाले कोरोना जितेका छन। यसअघि जिल्लामा ८१ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो।

दुई करोड बराबरको भ्रष्टाचारको अभियोगमा मुद्दा

काठमाडौं/मस- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला हुलाक कार्यालय दैलेखका प्रमुख अमरबहादुर मल्लसहित आठ जनाविरुद्ध कर्मचारी नियुक्ति र कार्यालय भवन निर्माणका क्रममा अनियमितता गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार कार्यालयका प्रमुख मल्ल, नायब सुब्बा सन्तोष गौतम, सहायक कम्प्युटर अपरेटर गणेशबहादुर केसी र तत्कालीन हुलाक सेवा विभागका शाखा अधिकृत श्यामकुमार सिंहको मिलेमतोमा गलत दरबन्दी तयार पारी उनीहरुको नाममा तलब भत्तासमेत लिई भ्रष्टाचार गरेको अभियोग लागेको छ।

गलत विवरण तयार पारी १५२ स्वीकृत दरबन्दीभन्दा बढी पटकपटक गरी १४७ जना र २६० जनाको दरबन्दी थप भएको उल्लेख गरी रु एक करोड ८२ लाख छ हजार ९०० बराबरको भ्रष्टाचार गरेको अभियोगमा कार्यालय प्रमुख मल्लविरुद्ध मुद्दा दायर गरिएको छ।

यस्तै शाखा अधिकृत श्यामकुमार सिंहले पनि गलत दरबन्दी खडा गर्न सहयोग गरेको पाइएकाले रु एक करोड ८२ लाख छ हजार ९०० नै बिगो कायम गरी मुद्दा दायर गरिएको छ। आयोगले नायब सुब्बा गौतमविरुद्ध पनि प्रमुख मल्ल र शाखा अधिकृत सिंह बराबरै बिगो दाबी माग गरिएको आयोगले जनाएको छ।

सहायक कम्प्युटर अपरेटर केसीविरुद्ध पनि रु एक करोड ८२ लाख छ हजार ९०० र लेखापाल शालीग्राम पौडेलविरुद्ध रु एक करोड ७५ लाख ५८ हजार ६३० बराबरको बिगो दाबी गरिएको छ। सोही अभियोगमा कार्यालयका नायब सुब्बा रणबहादुर बोहोराविरुद्ध रु ३० लाख तीन हहजार २१०, साविक कोष तथा लेखा नियन्त्रक कार्यालय दैलेखमा कार्यरत लेखा नियन्त्रक शुभाकर न्यौपाने र लेखापाल दीपबहादुर थापाविरुद्ध पनि कार्यालय प्रमुख मल्ल बराबरकै बिगो कायम गरिएको छ।

यस्तै आयोगले इलाका प्रहरी कार्यालय बिपीनगर डोटीमा कार्यरत प्रहरी निरीक्षक नृपबहादुर बोहोराले अवैध काठ तस्करी गरेर ट्र्याक्टरमा लोड गरिरहेकासँग मिलेमतो गरी भ्रष्टाचार गरेको अभियोगमा आइतबार नै विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले बोहोराविरुद्ध रु ६१ हजार २० र केदार सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष चक्रबहादुर साउदविरुद्ध पनि समान बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए।

त्यस्तै आयोगले नेपाल राष्ट्रिय आधारभूत मावि पर्सामा सरकारी स्रोतबाट प्राप्त रकम दुरुपयोग गरेको अभियोगमा प्रधानाध्यापक सन्तोषकुमार गुप्ताविरुद्ध मुद्दा दायर गरेको छ। आयोगले गुप्ताविरुद्ध रु छ लाख बराबरको बिगो माग दाबी गरेको छ।

नागरिकता....

नागरिकता पाउने व्यवस्था गरिएको थियो। तर, नेकपाले आफ्नो आधिकारिक धारणा र निर्णय भने गरेको थिएन।

बिहीबारकै समितिको बैठकमा नेकपाले समितिको प्रस्तावमै सहमति जनाएको थियो। तर, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले भने यसमा सहमति जनाएको थिएन। काँग्रेसकै असहमतिका कारण समितिले कुनै निर्णय लिन सकेको थिएन।

यो निर्णयको प्रदेश नम्बर दुईमा भने यसको विरोध शुरु भएको छ। नेकपाकै प्रदेश अध्यक्ष प्रभु साहले निर्णयमाथि पुनर्विचार गर्न नेतृत्वसँग आग्रह गरेका छन्। शनिबारको प्रतिनिधिसभा बैठकमा पनि नेकपाको निर्णयको कडा विरोध भएको थियो।

नौ हजार...

जनाको परीक्षण गरिएको छ। परीक्षणको दर बढाइए सँगै क्वारेन्टिनमा बस्नेको संख्या भने घटेको छ। एक लाख ७० हजार नाघेको क्वारेन्टिनमा बस्नेको संख्या अहिले एक लाख भन्दा कम भएको छ। मन्त्रालयका अनुसार, अहिलेसम्म क्वारेन्टिन बस्नेको संख्या ९४ हजार ९२८ जना छ। आइसोलेसनमा बस्नेको संख्या पनि घटेको छ। आइसोलेसनमा सात हजार २३१ छन्।

प्रधानमन्त्रीको आग्रह

प्रधानमन्त्री केपी शर्मा ओलीले शरीरको प्रतिरोधी क्षमता बढाउन आफूले गरेको आग्रहलाई मजाकमा नउडाउन आग्रह गरेका छन्। अन्तर्राष्ट्रिय योग दिवस मूल समारोह समितिले आयोजना गरेको भर्चुअल कार्यक्रममा प्रधानमन्त्री ओलीले भान्सामा हामीले प्रयोग गर्दै आएका बेसार, अदुवा, मेथीजस्ता मसला औषधिमय भएको कुरा पूर्वज ऋषिमुनी र आयुर्वेदको खोज तथा प्रयोगबाट प्रमाणित भएकाले तिनको प्रयोग बढाउन आग्रह गरे।

विश्वव्यापीरुपमा कोरोना भाइरसको महामारीको प्रभाव भइरहेको बेला प्रधानमन्त्री ओलीले शरीरको प्रतिरोधी क्षमता बढाउन त्यस्ता वस्तुको प्रयोग बढाउन आग्रह गर्दै आएका छन्।

प्रधानमन्त्री ओलीले भने, “मैले शरीरको प्रतिरोधी क्षमता बढाउने सन्दर्भमा ती कुराहरु गरेको हुँ, तर कतिपय बुद्धिजीवीले बेसारको मजाक उडाए, कतिले मेथी, मरिच र कतिले अदुवाको मजाक उडाए। म उहाँहरुलाई सुझाव दिन चाहन्छु, पूर्वजका खोजहरुप्रति यसरी मजाक नउडाऊ। आयुर्वेद र योग हाम्रा असाधारण औषधि हुन्। यिनीहरुलाई अगाडि बढाऔं।” “व्यायाम, प्रणायम र ध्यान मिलेपछि पूर्ण योग बन्छ र यी चिजको योगबाट शरीरलाई स्वस्थ्य रहन योगदान गर्दछ” प्रधानमन्त्रीले भने, “मानव जातिको सर्वोपरी आकाङ्क्षा पूरा गर्ने अभियानमा हामी लागिरहेका छौं। मानव हुनुको सार्थकता र कर्तव्य पूरा गरौं। हामी ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पमा छौं।”

प्रधानमन्त्री ओलीले नेपालको उर्वर, जीवनमय र औषधिमय प्रकृति भए पनि नेपाल गरिबीमा परेको कुरा अब स्वीकार्य नहुने भन्दै यसलाई अब बदल्नुपर्छ बदल्न सकिने बताए।

नयाँका...

रोजगारीमा जान नपाएकाहरुलाई अनुमति दिने बाटो खुला गरेको कतिपयको बुझाइ छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघले लकडाउन र अन्तर्राष्ट्रिय उडान प्रतिवन्धका कारण रोजगारदाताले भिसा दिई वैदेशिक रोजगार विभागबाट श्रमस्वीकृति प्राप्त गरेका १ लाख १५ हजार कामदार विदेश जान नपाएको र पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारको अन्तिम श्रम स्वीकृति हुन नसकेको बताएको छ।

नेपाली कामदारहरुका लागि डिमाण्ड पठाएका कतिपय देशमा कोरोना भाइरस संक्रमण उच्च रहेपनि आवागमन खुकुलो भई रोजगारी शुरु भएको छ। जापान र कोरियामा केही दिनअघि नेपाली कामदार रोजगारीका लागि गइसकेका छन्। हाल मलेसिया, साउदी अरब, यूएई, ओमान, कुवेतलगायत नेपाली कामदार रहेका प्रमुख गन्तव्य मुलुकहरुले लकडाउन खुला गरी कडा सुरक्षाकाबीच औद्योगिक उत्पादन र निर्माण कार्य शुरु गरेका छन्। त्यसमध्ये मलेसियामा विदेशी कामदारको माग बढ्न थालेको नेपाली दूतावासले जनाएको छ।

कतिपय वैदेशिक रोजगार व्यवसायीहरुले नेपालभन्दा रोजगारदाता मुलुक जनस्वास्थ्यका दृष्टिले राम्रो अवस्थामा रहेको भन्दै नेपालमा कोरोना संक्रमण बढेको देखाएर श्रम स्वकिृति बन्द गरेर बस्नुभन्दा श्रम स्वीकृति खोल्नु बुद्धिमानी हुने टिप्पणी गर्दै आएका छन्।

९५ प्रतिशत...

संक्रमितको संख्या पनि घट्दै जाने उनले बताए। पछिल्लोपटक छदेखि आठ दिनको अवधिमा झण्डै दोब्बर सङ्क्रमित बढेका छन्। अहिले परीक्षणको दायरा बढेको र विदेशबाट आउनेक्रम पनि बढिरहेकाले सङ्ख्या धेरै देखिएको डा पाण्डेको भनाइ छ।

महाशाखाले सम्भावित सङ्क्रमितको कन्ट्याक ट्रेसिङका लागि २० वटा टिम तयारी अवस्थामा रहेका र हरेक प्रदेशमा तीन तीन टिम परिचालन भइरहेका जानकारी दिँदै यो कार्यलाई बढाइ समुदायमा कोभिडको सङ्क्रमण जान नदिन सक्रियरुपमा लागि परेको निर्देशक पाण्डेले बताए। पछिल्लो २४ घण्टामा थप ४२१ जनामा कोभिड-१९ का सङ्क्रमित थपिएका छन्। स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले आइतबार जम्मा ४२१ जनाको पिसिआर पोजेटिभ आएको र त्यसमध्ये ६४ महिला र ३५७ पुरुष रहेको जानकारी दिनुभयो। योसँगै हालसम्म नौ हजार २६ जनाको पिसिआर पोजेटिभ आएको छ। तीमध्ये ८२० जना महिला र आठ हजार २०६ जना पुरुष छन्। हालसम्म देशका ७५ जिल्लामा कोभिड-१९ सङ्क्रमित भेटिएका छन्। पछिल्लो २४ घण्टामा आठ महिला र १८६ पुरुष गरी कूल १९४ जना डिस्चार्ज भएको मन्त्रालयले जनाएको छ। योसँगै हालसम्म कोरोनामुक्त भई डिस्चार्ज हुनेको सङ्ख्या १४९ महिला र एक हजार ६२३ पुरुष गरी कूल एक हजार ७७२ पुगेको छ।

थप एक व्यक्तिको कोभिड-१९ सङ्क्रमितका कारण मृत्यु भएको छ। योसँगै कोभिड सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या २३ पुगेको मन्त्रालयले जनाएको छ। मृत्यु हुनेमा गुल्मी क्षत्रकोट गाउँपालिका-५ मैनडाडाँका ६९ वर्षीया पुरुषको मृत्यु भएको छ। उनी प्यारालाइसिस उपचारका लागि भारत गएर फर्किएको र घरमै क्वारेन्टिनमा बसेका थिए।

पछिल्लो २४ घण्टामा विभिन्न २२ वटा प्रयोगशालामा छ हजार आठ जनाको पिसिआर विधिबाट नमूना परीक्षण गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। यस्तै नौ हजार ८७४ जनाको आरडिटी विधिबाट परीक्षण गरिएको छ। मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमका अनुसार हालसम्म पिसिआर विधिबाट एक लाख ७५ हजार १७३ र आरडिटी विधिबाट दुई लाख ६२ हजार १७४ नमूनाको परीक्षण गरिएको छ। मुलुकभरका क्वारेन्टिनमा ९४ हजार ९२८ जना रहेका छन्। आइसोलेशनमा रहनेको सङ्ख्या सात हजार २३१ रहेको छ।

बन्दाबन्दीमा बढी भाडा लिएर सार्वजनिक सवारी सञ्चालन

काठमाडौं/रासस- कोभिड-१९ को जोखिमका कारण जारी रहेको आंशिक बन्दाबन्दीको अवस्थामा सवारी पासविना चर्को भाडा लिएर सार्वजनिक सवारी साधन सञ्चालन गरेको फेला परेको थियो। तोकिएभन्दा बढी भाडा लिएर सवारी पासविना नै यात्रु ओसारपसार गरेको फेला परेपछि आइतबार तीन चालकलाई महानगरीय प्रहरीवृत्त थानकोट तथा महानगरीय प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा नेपालगञ्जबाट काठमाडौं आउँदै गरेको बा४ख ४५८० नंको माइक्रो चालक राहुल डबगर, झापाबाट काठमाडौं आउँदै गरेको ना५ख ५८३४ नम्बरको यात्रुबाहक बसका चालक सुनसरीका राकेश शाक्य र नेपालगञ्जबाट काठमाडौं आउँदै गरेको ना७ख ७३९५ नंका बस चालक बाँकेका रुद्रबहादुर खत्री रहेका छन्।

प्रारम्भिक सोधपुछको क्रममा राहुल डबगरले प्रतियात्रु दुई हजार भाडा लिइ सात जना यात्रीबाट १४ हजार रकम लिएको तथा एक जना यात्रीलाई चितवनबाट चढाइ ८०० भाडा लिएको, शाक्यले १९ जना यात्रु बोकी आएकामा प्रतियात्रु दुई हजारका दरले ३८ हजार लिएको तथा खत्रीले १५ जना यात्रु बोकी आएकामा प्रतियात्रु दुई हजारको दरले लिएको खुल्न आएको छ।

उक्त सवारी साधनमा सवार ४२ जना यात्रुलाई कीर्तिपुर राधाश्वामी सत्संग होल्डिङ जोनमा आवश्यक व्यवस्थापनका लागि पठाइएको छ। चालकलाई सवारी साधन, बरामद रकमसहित सङ्क्रमण रोग ऐन, २०२० अन्तर्गत आवश्यक कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौं पठाइएको महानगरीय प्रहरीवृत्त थानकोटले जनाएको छ।

प्रहरीले बिहीबार पनि छ जना यात्रु बोकी नेपालगञ्जबाट थानकोटतर्फ आउँदै गरेको बा ४ ख ७३७३ नंको माइक्रो बसरका चालक बाँके नेपालगञ्जका विकास शर्मालाई पक्राउ गरेको थियो।

सीमा विवाद समझदारीकासाथ समाधान गर्न विश्व हिन्दु महासंघको अनुरोध

काठमाडौं/मस- विश्व हिन्दु महासंघले लिम्पियाधुरा, लिपुलेक र कालापानी सीमा विवादका कारण नेपाल-भारत पारस्परिक सम्बन्ध तथा धार्मिक आध्यात्मिक एकतामा आँच आउन नदिन दुवै सरकारबीच समझदारी कायम गरी समन्वायात्मकरूपमा भूमिका निर्वाह गरी अगाडि बढ्न अनुरोध गरेको छ। महासंघकी महासचिव अस्मिता भण्डारीले एक प्रेस विज्ञप्ति जारी गर्दै उक्त अनुरोध गरेकी हुन्।

विज्ञप्तिमा परापूर्वकालदेखि स्वतन्त्र रहँदै आएको नेपालमा कहिले पनि विदेशी झण्डा नफहराएको र नेपालको एकीकरणदेखि नै आफ्ना निकटतम् छिमेकी तथा टाढाका मित्रहरूसँगसमेत सधैं समदूरीको सन्तुलित कूटनीति अपनाउँदै आएको उल्लेख गर्दै अगाडि भनिएको छ, ‘साँध-सिमाना जोडिएका देशहरूका बीचमा सीमा विवाद हुनु स्वभाविक हो। सीमा विवादलाई अनावश्यक रूपमा व्याख्या गरी यसबाट सम्बन्धित मित्र राष्ट्रहरुसँग आँच आउने अभिव्यक्तिले हाम्रो धर्म, संस्कृति, प्रथा, परम्परा र आर्थिक, सामाजिक, मूल्यमान्यता, रीतिरिवाज, जीवनशैली धार्मिक तथा आध्यात्मिक एकतामा समेत खलल पुग्न सक्ने भएको हुनाले यस्तो विवादलाई कुटनीतिक तरिकाले टुंगो लगाउन नेपाल र भारत दुवै तयार हुनुपर्दछ।’

विज्ञप्तिमा समय-समयमा नेपालका नेतृत्व वर्गहरूले गरेका सन्धि, सम्झौता सद्भाव र मित्रतालाई ख्याल गर्दै पशुपतिनाथदेखि गोरखनाथ, विश्वनाथ हुँदै तिरुपतीसम्म, डोलेश्वर-केदारनाथ, लुम्बिनी-बोधगया, जनकपुर-अयोध्यासम्मको तथा शंकराचार्यका चारै मठहरूको नेपाल र भारतसँग संसारभरिका ॐकार परिवारको अविछिन्न धार्मिक तथा आध्यात्मिक एकता रहेको उल्लेख गर्दै यस्तो आत्मिक भावनात्मक तथा प्रगाढ सम्बन्धलाई अक्षुण राख्ने कार्यमा भारतले वार्ताको सहज माध्यमबाट अगाडि बढ्न र बढाउनका निम्ति उपयुक्त समय र परिस्थितिको निर्माण गरोस् भन्ने महासंघको चाहना रहेको जनाइएको छ।

महामारीको जोखिममा समेत घटेन महिला हिंसा

काठमाडौं/रासस- कोभिड-१९ महामारीको जोखिमपूर्ण अवस्थामा पनि मानवअधिकार उल्लङ्घनका घटनामा कमी आउन सकेको छैन। बलात्कारजस्ता जघन्य अपराध अझ बढ्दै गएको देखिएको छ। सरकारले कोभिड-१९ को जोखिम कम गर्न गत चैत ११ गतेदेखि बन्दाबन्दीको घोषणा गरेयता सात वर्षीया बालिकादेखि क्वारेन्टिनमा बसेकी महिलासमेत बलात्कारको शिकार भएका छन्। यस्ता अमानवीय घटना बढ्नुले महामारीजस्तो विपद्मा पनि महिलाहरु झन् आपतमा परेको देखिएको छ।

गत जेठ ३२ गते शनिबार राति कैलालीस्थित लम्कीचुहा नगरपालिका वडा नं १ स्थित शहीदस्मारक माध्यमिक विद्यालयको क्वारेन्टिनमा राखिएकी ३१ वर्षीया महिलामाथि सामूहिक बलात्कार भयो। महामारीबाट बाँच्न आफ्नो थातथलो सम्झेर भारतबाट आएर जेठ २० गतेदेखि क्वारेन्टिनमा बस्दै आएकी उनीमाथि क्वारेन्टिनमै यस्तो जघन्य अपराध भयो। यसमा संलग्न भएको आशंकामा तीन जना पक्राउ परेका छन्। क्वारेन्टिनमा कार्यरत स्वास्थ्यकर्मी किशोर परियार र स्वयंसेवकहरु लक्ष्मण विक र सर्जन विकलाई पक्राउ गरेर प्रहरीले अनुसन्धान शुरु गरेको जनाएको छ।

कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस व्रिन्दित सर्भिसेस प्रा. लि. (श्रम इजाजत पत्र नं. ७१२/०६४/०६५) मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०७७/०३/०२ गतेको राजिनामा अनुसार त्यस लगतैको सञ्चालक समितिको निर्णय बमोजिम मिति २०७७/०३/०६ गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

क्र.स.	नाम	ठेगाना	पद
१.	दिपेन्द्र कुमार खड्का	गल्छी-४, धादिङ	पी.आर.ओ.
२.	पार्वती पोखरेल	गल्छी-१, धादिङ	डकुमेन्टेशन

Gov. Lic. No. 712/064/065
VRINDIT SERVICES Pvt. Ltd.
Lalitpur, Nepal, Phone: 01-5524006
E-mail : nepal@vrindit.com

‘क्रिकेट सिस्टममा चल्नु पर्‍यो’

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार

नेपाली क्रिकेट टिमका पूर्व कप्तान पारस खड्काले नेपाल टेष्ट देश बन्नका लागि अझै १० देखि १२ बर्ष लाग्न सक्ने बताएका छन् ।

नेपालले यदि सिस्टममा काम गरेमा र त्यहि अनुसार घरेलु संरचनामा काम गरेमा १० देखि १२ बर्षमा टेष्ट देश बन्न सक्ने बताएका हुन् । तर त्यसका लागि आइसीसीको कस्तो नियम बन्छ त्यसमा पनि भरपर्ने पारसको भनाई छ ।

भारतीय पूर्व क्रिकेटर आकाश चोपडासँगको वेब कुराकानीमा पारसले समर्थकका आधारमा नेपाल उत्कृष्ट टिम रहेको, विश्वमा जति पनि समर्थकका हिसावले राम्रो मानिएका देश छन, उनीहरुलाई पनि नेपाली फ्यान बेसका हिसावले पछि पारेको तथ्यांक पनि रहेको बताए ।

नेपाललाई टेष्ट देश भएको हेर्न चाहेको तर त्यो बेलासम्म आफू खेलाडी भएर नहुँला, त्यहि पनि आफ्नो तर्फबाट कुनै किसिमको सहयोग गर्न सकेमा गर्न तयार रहेको पनि पारसले बताए ।

तर यसका लागि धेरै मेहेनत र योजना गर्नुपर्ने बताए । ‘हामीले टी २० विश्वकप खेल्छ भनेर नपत्याएको बेला खेल्यो, अहिले एकदिवसिय मान्यता पाउन सफल भयौं । अब टेष्ट देश बन्ने सपना हो, तर त्यसका लागि मैदान भित्र खेलेर मात्र हुदैन, मैदान बाहिर पनि त्यहि अनुसारको सिस्टम बन्नुपर्छ ।’ पारसले भने ।

नेपाल यस्तो ठाँउमा रहेको छ, जहाँ छिमेकी देशहरु क्रिकेटका पावरहाउस रहेका छन्, हामीले ती देशको पनि सहयोग लिनसक्नेमा जिकिर गरे । उनीहरुसँग राम्रो सम्बन्ध बनाएर मैत्रीपूर्ण खेलका लागि र प्रस्ताव गर्दा निकै राम्रो हुने बताए ।

यसकासाथै पारसले आकाशसँग कप्तान छोड्नुको कारणका बारेमा पनि बोलेका थिए ।

कीर्तिपुरमै होस्टेल

काठमाडौं, मस– नेपाल क्रिकेट संघ क्यानले क्रिकेट खेलाडीको सुविधाका लागि राष्ट्रिय खेलकुद परिषद्सँग कीर्तिपुर मैदानमा नै होस्टेलको निर्माणका लागि पहल थाल्ने भएको छ । नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशनकुमार सिंहले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रमेश सिलवालसँग भेटेर कीर्तिपुर मैदानमा खेलाडी बस्ने सुविधासम्पन्न होस्टेल निर्माणका लागि पहल थालेको जानकारी दिए । सदस्यसचिव सिलवालले कीर्तिपुरमा होस्टेल बनाउने विषयमा कुरा भएको बताए । कुनै पनि प्रतियोगिताका लागि खेलाडीलाई क्याम्पमा राख्दा निकै खर्च हुने भएको र यदि आफ्नै होस्टेल भएमा त्यो खर्च कम हुने विश्वास क्यानका कोषाध्यक्ष सिंहको रहेको छ । उनले एउटा क्याम्प राख्दा कम्तिमा १० देखि १२ लाख रुपैयाँ होटलमा खर्च हुने गरेको बताए ।

उनले परिषद्सँग सहकार्य गरेर कीर्तिपुर मैदानमा १८ कोठाको भवन बनाएर सबै सुविधायुक्त होस्टेल बनाउने प्रस्ताव राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिवलाई गरेको र त्यसमा उनी सकारात्मक रहेको पनि बताए । यो बिषयमा अहिलेको अवस्था साधारणतर्फ फर्किएपछि बिस्तृत रूपमा कुरा गर्ने परिषद्का सदस्यसचिव सिलवालले बताए ।

त्यो होस्टेल बनाउनका लागि ४०-५० लाख रुपैयाँ खर्च हुने र कम समयमा पनि बनाउन सकिने उनले बताए ।

पुरै पिलरवाला भवन भन्दा पनि पछिल्लो पटक चल्दै आएको फलामको मात्र पिलर बनाएर भवन सस्तोमा भरपर्दो बनाउने सकिने उनको भनाई छ ।

यस्तै हाल प्रतियोगिता हुँदा खेलाडीलाई खाना खाने बनाइएको स्थानलाई अझ ब्यपस्थित गरे नयाँ डाइनिङ सेन्टर बनाउन सकिने योजना रहेको छ । अहिले कुनैपनि अन्तराष्ट्रिय प्रतियोगिता हुँदा खेलाडीलाई महिना, डेढ महिनासम्म होटेलमा राख्ने गरेको छ ।

त्यसको खर्च आइसीसी र क्यानले दिने गरेको छ । क्यान हुँदा क्यानले दिने गरेको थियो, तर आइसीसीको स्रोतबाट । साढे तीन बर्ष क्यान नहुँदा आइसीसीले नै होटेलको खर्च दिँदै आएको थियो ।

टेटे मुख्य प्रशिक्षकमा ढुंगेल

काठमाडौं, मस– राष्ट्रिय खेलकुद परिषद्ले टेबलटेनिस प्रशिक्षक (अधिकृत तृतीय) सन्जिवकुमार ढुंगेललाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको छ ।

यसअघिका मुख्य प्रशिक्षक विनोद शाक्य ५८ वर्ष उमेर हदका कारण अनिवार्य अवकास पाएपछि ढुंगेललाई जिम्मेवारी दिइएको हो । ४९ वर्षीय ढुंगेल २०५२ सालमा सहायक प्रशिक्षकमा राष्ट्रिय खेलकुद परिषद्को सेवामा प्रवेश गरेका थिए । उनी २०६४ सालमा प्रशिक्षकमा बढुवा भएका हुन् ।

गत मंसिरमा सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा ढुंगेल नेपाली टोलीका प्रशिक्षक मध्येका एक हुन् । १३ औं सागमा नेपालले १ रजत ४ कांस्य पदक जितेको थियो ।

ढुंगेलले पाएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्ने बताउदै टेबलटेनिस खेलको विकास र विस्तारमा समर्पित रहने प्रतिबद्धता जनाए । अखिल नेपाल टेबलटेनिस संघले ढुंगेललाई मुख्य प्रशिक्षकमा नियुक्त भएको बधाइ दिदै कार्यकाल पूर्ण सफलताका लागि कामना गरेको छ ।

अफगान क्रिकेटर जजै दुर्घटनामा

काबुल, एजेन्सी- अफगानिस्तानका विकेटकिपर ब्याट्सम्यान अफसर जाजइ कार दुर्घटनामा परेका छन् । दुर्घटनामा परेर उनको टाउकोमा चोट लागेको छ । कोरानाको बाबजुद पनि खेलाडीहरुलाइ ट्रेनिङ्ग सुरुवात गर्न अफगानिस्तान बोर्डले अनुमति दिएको थियो । उनलाइ चोट लागे पनि अवस्था सामान्य रहेको बताइएको छ । तर उनी दुर्घटनामा परेको गाडी भने धेरै क्षतिग्रस्त बनेको छ ।

सन् २०१३ मा राष्ट्रीय टिममा डेब्यु गरेका जजैले ३ टेस्ट, १७ ओडिआइ खेलिसकेका छन् । उनले खेलेको अन्तिम टेस्ट म्याच सन २०१९ मा लखनाउमा वेस्टइन्डिज विरुद्ध हो ।

जुन ७ बाट रासिद खान, नाबिहरुले ट्रेनिङ्ग काबुल स्टेडियममा सुरुवात गरेको खबर सार्वजनिक भएको थियो । गत वर्ष सम्पन्न भएको विश्वकपमा मोहम्मद शेहजादलाइ बेन्चमा राख्दै अफगानिस्तानको टिममा प्रवेश गरेका उनले ६ वटा म्याच खेलेका थिए । तर समर्थकहरु भने उनीबाट खासै सन्तुष्ट हुन सकेका थिएनन् । उनी मैदानमा समय लिएर खेल्न रुचाउछन् जस्ले गर्दा शेहजादले जसरी रन बनाउथे त्यो अनुसार उनले खेल्न सकेका थिएनन् ।

कोभिड–१९ परीक्षणमा ‘ढिलाई’ गर्न ट्रम्पको सुझाव

ओक्लाहोमा, एजेन्सी– संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरस सङ्क्रमणमा सम्लग्न स्वास्थ्यकर्मी तथा ल्यावका कर्मचारीलाई परीक्षणलाई क्रमशः ढिलो गर्न आग्रह गरेका छन् ।

स्थानीय समय अनुसार शुक्रबार उनले ‘जति परीक्षणलाई बढायो त्यति सङ्क्रमितको सङ्ख्या बढ्ने’ भन्दै परीक्षणमा हतार नगर्न प्रोत्साहन गरेका हुन् ।

ओक्लाहोमाको तुल्सामा कोरोनाभाइरस महामारीको बीचमा आफ्नो राष्ट्रपतिय अभियान शुरू गर्दैराष्ट्रपति ट्रम्पले भने, “हेर्नुस्, सबैलाई थाहा भएको कुरा यो चीनबाट फैलिएको हो तर मैले निर्णय गरेँ कि यसका बारेमा कुनै ठूलो निर्णय गर्नु पर्दैन ।”

उनले राष्ट्रपतिको नयाँ कार्यकालका लागि निर्वाचन अभियानको स्टेजमा उभिएर थालनी गरेका थिए । उक्त अवसरमा उनले सङ्क्रमणबाट सुरक्षित हुनका लागि मुखमा मास्क लगाएका थिएनन् । उनको अभियानमा सहभागी हजारौं शुभेच्छुकले पनि आफ्ना नेताको भावनालाई पछ्याउँदै मास्क तथा पञ्जाको प्रयोग गरेका थिएनन् ।

आफूले पहिले चीनबाट आउने सबै र पछि यूरोपबाट आउनेसमेत व्यक्तिको प्रबेशमा लगाएको प्रतिबन्धले समस्यालाई कम गरेको पुष्टि गर्ने प्रयास गर्दै ट्रम्पले भने ।

“जब तपाईले त्यो ठूलो मात्रामा परीक्षण गर्नुहुन्छ धेरै नागरिक सङ्क्रमित भएको भेटिनेछ, “त्यसैले मैले अमेरिकी अधिकारीहरूलाई भन्ने गरेको छु कि हामीले परीक्षण गरिरहेको छौँ तर नागरिकहरूलाई थाहा छैन के भइरहेको छ ।”

ट्रम्पका अनुसार अमेरिकामा धेरै व्यक्ति (दुई करोड ५० लाख भन्दा बढी) को कोभिड-१९ परीक्षण भएकोले धेरै सङ्क्रमित देखिएको हो ।

चुनावी जुलुसको उद्घाटनका अवसरमा अमेरिकी राष्ट्रपतिले विद्यालय पनि खोल्नुपर्ने तर्क गर्दै भने, “बालबालिका हामीभन्दा धेरै शक्तिशाली हुन्छन् ।”

अमेरिकी जोन हकिन्स विश्वविद्यालयको पछिल्लो तथ्याङ्क अनुसार अमेरिकामा आइतबारसम्ममा कूल २२ लाख ५४ हजार ६६२ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ । अमेरिकामा एक लाख १९ हजार ७१९सङ्क्रमितको मृत्यु भएको छ ।

बेलायतमा खाद्य सङ्कटको जोखिम

लण्डन, एजेन्सी- कोरोनाभाइरसबाट अत्यन्त प्रभावित देश बेलायतमा प्रत्येक चारमध्ये एक जना खाद्य सङ्कटको खतरामा रहेको पाइएको छ । कोरोनाभाइरसबाट उत्पन्न महामारीका कारण खाद्य सङ्कटको खतरा देखिएको अध्ययनकर्ताहरुले जानकारी दिएका छन् ।

खाद्य अवस्थाका बारेमा अनुसन्धानकर्ताहरुले प्रश्न गर्दा चारमध्ये एक जनाले खाद्य असुरक्षा महसुस गरिरहेको जवाफ दिएका थिए ।

खाद्य असुरक्षासँगै पौष्टिक आहारको अभाव हुने खतरा पनि उत्तिकै बढेको अनुसन्धानकर्ताहरुको निश्कर्ष छ । अध्ययनको मुख्य निश्कर्ष फिडिङ ब्रिटेन एण्ड नोर्थमब्रिया युनिभर्सिटीको हेल्दी लिभिङ ल्याबबाट प्रकाशित गरिएको छ ।

महामारीका बेलामा २५ प्रतिशत बयस्कहरुले खानाका लागि संघर्ष गर्नु परेको पनि अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यही कारणले खाद्य असुरक्षा महसुस गरिएको र पौष्टिक आहारको अभाव भएको बताइएको छ ।

बेइजिङमा थप २२ व्यक्तिमा सङ्क्रमण पुष्टि

बेइजिङ, एजेन्सी-चीनको राजधानी बेइजिङमा नयाँ विरामी भेटिएपछि सङ्क्रमितको गरिएका करिब २० लाख परीक्षणमा थप २२ जना सङ्क्रमित भेटिएको चिनियाँ अधिकारीहरूले बताएका छन् ।

चीनले गत डिसेम्बरमा पहिलो कोभिड-१९ विरामी भेटेपछि करिब तीन महिनाको अवधिमा गरेको अथक प्रयासपछि चीनमा कोरोनाभाइरस सङ्क्रमण नियन्त्रणमा आएको बताएको थियो । केही दिन पहिले चीनको राजधानी नजिकै रहेको सिनफादी मासु बजार क्षेत्रमा कार्यरत व्यवसायी तथा कर्मचारीमा सङ्क्रमण देखिएपछि उक्त बजारसँगको सम्पर्क रहने स्थानीय वस्ती र विद्यालयहरू बन्द गरेर परीक्षण तथा उपचारमा तदारूकता देखाएको थियो ।

आइतबार सङ्क्रमितमध्ये एक जना स्वास्थ्यकर्मी (नर्स) पनि रहेको बेइजिङले जनाएको छ । सिनफादीमा सङ्क्रमण देखिएपछि गरिएका परीक्षणमा अहिलेसम्म २२० जना सङ्क्रमित भेटिएका चिनियाँ समाचार संस्था सिन्ह्वाले स्थानीय अधिकारीलाई उद्धृत गरी उल्लेख गरेको छ ।

पछिल्लो पटक सङ्क्रमण पुष्टि भएपछिसङ्क्रमण नियन्त्रणका लागि सिनफादी वरपरका करिब २०० वस्तीमा करिब २३ लाख नागरिकको कोभिड-१९ परीक्षण गरिएको बताइएको छ ।

यसैबीच चीनले विदेशबाट आपूर्ति हुने खाद्य सामग्रीमार्फत कोरोना सङ्क्रमण भित्रिएको भन्दै परीक्षणलाई कडा पारेको छ । चीनको राजधानीस्थित एक मासु बजारबाट कोभिड-१९ सङ्क्रमित भेटिएको रिपोर्टसँगै खाद्य सामग्री (खासगरी सीफुड) को परीक्षणमा कडाई गरेको थियो ।

चिनियाँ स्वास्थ्यविदहरूले पछिल्लो समय कोभिड-१९ सङ्क्रमित विरामीमा यूरोपमा कोरोना भाइरस सङ्क्रमित विरामीको जस्तो लक्षण भेटिएको उल्लेख गरिएको छ । पछिल्लो चरणमा सङ्क्रमण पुष्टि भउका विरामीको लक्षण यूरोपका विरामीको लक्षणसँग मिल्दाजुल्दा रहेकोले यतिवेलाको सङ्क्रमण ‘यूरोपबाट चीन भित्रिएको’ चिनियाँ रोग नियन्त्रण तथा रोकथाम केन्द्रका झाङ योङले बताउनुभयो । चीनमा पछिल्लो चरणमा फैलिएको सङ्क्रमण यूरोपमा अहिले आउने विरामीकोभन्दा अलिक पूरानो स्वरूपको रहेको भेटिएको उहाँको दावी रहेको छ ।

सिनफादी क्षेत्रका विदेशबाट ल्याइएका सालमन जातका माछा काटिने अचानामा सङ्क्रमण भेटिएको चिनियाँ अधिकारीले बताएका छन् । यसै आधारमा चीनमा पछिल्लो समय देखिएको सङ्क्रमण यूरोपबाट चीन आपूर्ति हुने बरफमा राखी ल्याइएका सीफुडसँगै भित्रिएको हुनसक्ने झाङको दावी थियो ।

पाकिस्तानमा कोरोनाको जोखिम उच्च

क्वेटा, एजेन्सी–पाकिस्तानमा आइतबार विहानसम्म एक लाख ७१ हजार ६६६ व्यक्तिमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमितमध्ये तीन हजार ३४२ जनाको मृत्यु भएको छ । यस्तै सङ्क्रमितमध्ये ६३ हजार ५०४ जना निको भइ घर फर्किएका छन् ।

पाकिस्तानमा प्रति १० लाख जनसङ्ख्या बराबर ७७८ जना कोभिड-१९ सङ्क्रमित छन् भने १५ जनाको मृत्यु भएको छ । पाकिस्तानमा आइतबारसम्म १० लाख ८२ हजार ७८७ व्यक्तिको कोभिड-१९ परीक्षण गरिएको छ ।

पाकिस्तानको बढी प्रभावित प्रान्तहरूमध्ये सिन्ध प्रान्तमा सबैभन्दा बढी ६५ हजार १६३, पञ्जाबमा ६४ हजार २१६, इस्लामावादमा १० हजार २७९ र बलुचिस्तानमा नौ हजार १६२ सङ्क्रमित रहेका छन् ।

यसैबीच, पाकिस्तानको अन्तर-सेवा गुप्तचर (इन्टर-सर्भिसेज इन्टिलिजेन्स/आईएसआई) का बलुचिस्तानमा कार्यरत वरिष्ठ अधिकारी ब्रिग हसन अफजालको शनिबार मृत्यु भएको छ । उनलाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ । पाकिस्तानी स्रोतहरूका अनुसार उनी आईएसआईको बलुचिस्तान क्षेत्रको कमाण्डर थिए । पाकिस्तानको विकट प्रान्त मानिने बलुचिस्तानमा आधुनिक स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार नभएका कारण मृत्यु भएको आशङ्का गरिएको छ ।

बलुचिस्तानका जनस्वास्थ्य कार्यालयका महानिर्देशक डाक्टर सलिम एब्रोले हालै पत्रकार सम्मेलनमा बलुचिस्तानमा आगामी केही महिना (जुलाई देखि सेप्टेम्बर)भित्र सङ्क्रमित एक लाखभन्दा बढी पुग्ने भन्दै नागरिकहरूलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेका थिए ।

भारतमा एकैदिनमा १५ हजार सङ्क्रमित

नयाँदिल्ली, एजेन्सी- भारतमा कोभिड-१९ सङ्क्रमित हुनेको सङ्ख्या एकै दिनमा अत्यधिक देखिएको छ । पछिल्ला केहीदिनमा सार्वजनिक भएका दैनिक विवरणहरुमध्ये आइतबार सवैभन्दा धेरै जना एकै दिनमा सङ्क्रमित भएको जानकारी दिइएको छ ।

सरकारी अधिकारीहरुले बताएअनुसार, भारतमा पछिल्लो २४ घण्टामा १५ हजार ४१३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

योसँगै भारतमा आइतबारसम्ममा कोरोनाभाइरसबाट सङ्क्रमितहरुको सङ्ख्या कुल चार लाख दश हजार ४६१ पुगेको छ ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको सङ्ख्या १३ हजार २५४ पुगेको छ । भारतमा कुल सङ्क्रमित मध्ये एक लाख ६९ हजार ४५१ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने दुई लाख २७ हजार ७५६ जना सङ्क्रण मुक्त भएका छन् । प्रदेशगत रुपमा हेर्दा सवैभन्दा धेरै सङ्क्रमित रहेको महाराष्ट्र प्रदेशमा एक लाख २८ हजार २०५ जना सङ्क्रमित भएका छन् ।

ती मध्ये ५८ हजार ६८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने ६४ हजार १५३ जना सङ्क्रण मुक्त भएका छन् । महाराष्ट्र प्रदेशभरी कोरोनाभाइरसका कारण अहिलेसम्म पाँच हजार ९८४ जनाको मृत्यु भएको छ ।

त्यसैगरी तमिल नाडु प्रदेशमा ५६ हजार ८४५ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ ।

विल्डिङ विधिबाट आईपीओ निश्काशन गर्ने तयारी

सरोकारवालाहरूसँग धितोपत्र बोर्डले माग्यो सुझाव

मध्यान्ह संवाददाता
काठमाडौं, ७ असार

नेपाल धितोपत्र बोर्डले अबका दिनमा प्राथमिक सेयर (आईपीओ) निष्काशन गर्दा बुक विल्डिङ विधि लागू गर्ने भएको छ। बोर्डले बुक विल्डिङ्ग विधिबाट आईपिओ निष्काशन गर्नको लागि कार्यविधिको मस्यौदा तयार पारेर सम्बद्ध सरोकारवालाहरुसँग सल्लाह सुझावको माग गरेको छ। बोर्डले अबका दिनमा आईपीओ निष्काशन गर्दा बुक विल्डिङ्ग विधिबाट आईपिओको मूल्य सीमा कसरी निर्धारण गर्ने, कसरी मूल्य तय गर्ने लगायतका ब्यबस्था समावेश गरेर सरोकारवालासँग सुझाव माग गरेको हो।

धितोपत्र बोर्डले सुरुमा संस्थागत लगानीकर्ताले खरिद आशय मूल्यसहित प्रारम्भिक विवरणपत्रको सम्बन्धमा आफ्नो सुझाव दिन सक्ने उल्लेख गरेको छ। जुन पाँच योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त गर्नुपर्ने बोर्डको मस्यौदामा उल्लेख छ। योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त आशय मूल्यको औषत मूल्य गणना गर्नु पर्नेछ। औषत आशय मूल्य गणना गर्दा पूर्ण अंकमा नआएमा नजिकको पूर्ण अंकलाई औषत मूल्य मान्नुपर्दछ। औषत आशय मूल्य गणना भएपश्चात् निष्काशनकर्ता कम्पनी र निष्काशन तथा विक्री प्रबन्धकले धितोपत्रको बिक्री मूल्य सीमा निर्धारण गर्नुपर्नेछ। धितोपत्रको बिक्री मूल्य सीमा निर्धारण गर्दा माथिल्लो सीमा संस्थागत लगानीकर्ताबाट प्राप्त औषत आशय मूल्यमा २० प्रतिशत थप गर्दा कायम हुने मूल्य र तल्लो सीमा संस्थागत लगानीकर्ताबाट प्राप्त औषत आशय मूल्यमा २० प्रतिशत घटाउदा हुने मूल्य कायम गर्नुपर्ने मस्यौदामा उल्लेख छ। त्यसपछि धितोपत्रको बिक्री मूल्य सीमा उल्लेख भएको विवरणपत्र स्वीकृतिका लागि बोर्डसमक्ष निवेदन दिनुपर्नेछ। यसरी पेश भएको निवेदन र अन्य कागजातको अध्ययन गरी उपयुक्त देखिएमा उक्त धितोपत्र दर्ता गरी बुक बिल्डिङ्ग विधिबाट योग्य संस्थागत लगानीकर्तालाई निष्काशन गर्न तयार पारेको विवरणपत्र प्रकाशन गर्न बोर्डले स्वीकृति प्रदान गर्नेछ। धितोपत्रको मूल्य निर्धारण गर्दा विवरणपत्र प्रकाशन गर्न बोर्डबाट स्वीकृति प्राप्त भएको एक महिनाभित्र निष्काशन तथा बिक्री प्रबन्धकले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोलमा सहभागी हुन आव्हानपत्र प्रकाशन गर्नुपर्ने समेत उक्त मस्यौदामा उल्लेख छ।

योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा बिक्री मूल्य सीमाभित्र आफूले लिन चाहेको धितोपत्रका लागि आवेदा पेश गर्नुपर्ने भने बोलकबोल शुरु भएको चार कार्य दिनसम्म खुला राख्नुपर्नेछ र आवश्यक भएमा बोर्डको स्वीकृति लिई बोलकबोलको समयावधि थप गर्न सकिनेछ। योग्य संस्थागत लगानीकर्ता प्रत्येकले निष्काशन हुने धितोपत्रको १० प्रतिशतभन्दा बढी धितोपत्रकोलागि प्रस्ताव पेश गर्न पाइने छैन। निष्काशन कम्पनीसँग कुनै स्वार्थ बाझिने भएमा योग्य संस्थागत लगानीकर्ता बोलकबोल प्रक्रियामा सहभागी हुन पाउने छैन। योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको शत प्रतिशत रकम तोकिएको बैंक खातामा जम्मा गनुपर्दछ।

सडकको लापरवाहीले टेलिफोन र एडिएसएल सेवा अवरुद्ध

काठमाडौं/मस–सडक विस्तारका क्रममा गोकर्णेश्वर नगरपालिका-४ चौतारा उकालोमा ढल बिच्छ्याउनेक्रममा शनिबार बेलुकी नेपाल टेलिकमको अप्टिकल फाइबर काटिँदा यस क्षेत्रको ल्यान्डलाइन टेलिफोन र एडिएसएल सेवा अवरुद्ध भएको छ।

शनिबार बेलुकीदेखि अवरुद्ध भएको नगरपालिका-१, २, ३ र ४ गरी चारवटा वडाको सेवाका कारण एक हजार ६०० टेलिफोन एवं एडिएसएल सेवा अवरुद्ध भएको नेपाल टेलिकम जोरपाटी शाखाका प्रमुख खगेन्द्र कटुवालले राससलाई जानकारी दिए। टेलिफोन सेवा अवरुद्ध हुँदा बन्दाबन्दीमा घरमै बसेर इन्टरनेट सेवाका माध्यमबाट काम गरिरहेका मानिस प्रभावित भएका छन्।

घरमै बसेर काम गरिरहेका बेला पूर्वसूचना एक्कासि सेवा अवरुद्ध हुँदा दुःख पाएको स्थानीयवासी श्यामबहादुर श्रेष्ठले गुनासो गरे। निजी सवारी पनि जोर-बिजोर प्रणालीमा चलाउन पाइने भएकाले आजदेखि कसरी काम गने भन्ने चिन्ता बढेको उनको भनाइ थियो। ढल बिच्छ्याउने क्रममा काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले समन्वय नगर्दा यो समस्या आएको टेलिकमले जनाएको छ।

जोरपाटी-सुन्दरीजल सात किमी सडक विस्तारका क्रममा हाल ढल बिच्छ्याउने, रूख काट्ने, पर्खाल लगाउनेलगायत काम भइरहेको छ। रूख काट्ने बेलामा खबर गरेकाले टेलिकमका कर्मचारीसँगसँगै बसेर काम भएकाले टेलिफोन सेवा अवरुद्ध नभएको कार्यालय प्रमुख कटुवालले सुनाए।

विकास निर्माणका काममा सरकारी कार्यालयबीच नै समन्वय नहुँदा विद्युत्, टेलिफोन र खानेपानी जस्ता अत्यावश्यक सेवा पटकपटक अवरुद्ध हुने गरे पनि सरोकार भएका निकायको ध्यान जान सकेको छैन।

सुन्दरीजल क्षेत्रमा सडक विस्तारको काम गर्नु अघि गोकर्णेश्वर नगरपालिकाले समेत समन्वय गरेर पत्राचार गरेको थियो। यसपटक नगरपालिकाले पनि कुनै जानकारी नगराएको टेलिकमले जनाएको छ। नगरपालिकाका प्रवक्ता मनोजकुमार ढुङ्गाना आयोजनाले समन्वय गर्न भनेका काममा सहयोग गरिएको बताउँछन्। यसपटक आयोजनाले केही नभनेकाले के भएको आफूले बुझेर अवरुद्ध सेवा छिटो सञ्चालनका लागि पहल गर्ने उनको प्रतिबद्धता छ।

नगरपालिकाले ढल बिच्छ्याइरहेकाले नयाँबस्ती क्षेत्रको ५०० लाइन टेलिफोन पनि अवरुद्ध भएको छ। सेवा अवरुद्ध हुँदा यस क्षेत्रमा पनि इन्टरनेटका माध्यमबाट काम गरिरहेका मानिस प्रभावित भएका छन्।

महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रोत्साहन भत्ता

सिञ्जा/मस-जुम्लाको गुठीचौर गाउँपालिकाले स्वास्थ्यमा महिला स्वास्थ्य स्वयम्सेविकाले पुऱ्याएको योगदानको उच्च कदर गर्दै ५० जनालाई 'प्रोत्साहन भत्ता' उपलब्ध गराएको छ। गाउँपालिकाका १ देखि ५ वडाभित्र कार्यरत उनीहरूलाई जनही रु सात हजार पाँच सय प्रदान गरिएको अध्यक्ष हरिबहादुर भण्डारीले जानकारी दिए।

यसका लागि प्रदेश सरकारले रु ६ लाख ७५ हजार विनियोजन गरेको प्रमुख प्रशासकीय अधिकृत अमरबहादुर गिरीले बताउनु भयो। अध्यक्ष भण्डारीले भन्नुभयो, "रकमले उनीहरू उत्साहित छन्। स्वयम्सेविकाले गाउँघरका नागरिकलाई निःशुल्क सेवा दिइरहेका छन्। जुनसुकै अवस्थामा स्वास्थ्य स्वयम्सेविका खटिने गर्छन् तर सेवासुविधा पाउन सकिरहेका छैनन्। स्वास्थ्य स्वयम्सेविकाको कामको उच्च मूल्याङ्कन गर्दै काम गर्ने हौसला प्रदान गर्न गाउँपालिकाले प्रोत्साहन भत्ता दिइएको हो।"

भत्ता पाउँदा घरायसी खर्च जुटाउन सजिलो भएको वडा नं ३ का महिला स्वास्थ्य स्वयम्सेविका धनलक्ष्मी कठायत (महताराको) भनाइ छ। स्वयम्सेविकाले सुरक्षित प्रसूति सेवा, बालबालिकालाई खोप, गर्भवतीलाई आइरन चक्की वितरण, बालबालिकालाई भिटामिन खुवाउने लगायत स्वास्थ्यका आधारभूत काममा साथ दिँदै आइरहेका छन्।

सिँजा गाउँपालिका
जुम्ला

सामसङ प्लाजाद्वारा नयाँ वेबसाइट सार्वजनिक

सबै सामग्रीको मूल्य राखिदै

काठमाडौं/मस–सामसङ इलेक्ट्रोनिक्स र होम एप्लाएन्सेसका लागि आधिकारिक वितरक हिम इलेक्ट्रोनिक्स प्रालिले आफ्नो डिजिटल प्लेटफर्म विस्तारको रुपमा सामसङ प्लाजाका लागि नयाँ वेबसाइट सार्वजनिक गरेको छ। उक्त नयाँ वेबसाइटमा सामसङका उत्पादनहरुको विशेषताहरु र मुल्यहरु राखिएको छ जसले ग्राहकहरुलाई आवश्यक उत्पादनहरु कार्टमा राखेर खरिद गर्न सक्ने सुविधा प्रदान गर्दछ। लकडाउनको बीचमा सामसङ प्लाजाको नयाँ वेबसाइट आफ्नो घरको सुरक्षित वातावरणमा बसेर सामसङका उत्पादनहरु खरिद गर्न इच्छुक ग्राहकहरुका लागि समाधानको रुपमा आएको छ। यसका साथै उनीहरुले सर्भिससंग सम्बन्धित जिज्ञासाहरु पनि राख्न सक्दछन्। सामसङ प्लाजामा विभिन्न मुल्य दायराका सामसङका उत्पादनहरु – एलईडी टिभी, रेफ्रिजिरेटर, वासिङ मेसिन, माइक्रोवेभ ओभन र मोबाइल फोनहरु रहेका छन्। सामसङ प्लाजा नेपालका विभिन्न स्थाहरुमा अवस्थित छन्। हिम इलेक्ट्रोनिक्स प्रालिकी निर्देशक सीमा गोल्छाले भनिन, 'बजारमा हाम्रो उपस्थीतिलाई अझ बलियो बनाउन र स्ट्रिमलाइन पहिचानका साथ आउदो वर्षहरुमा फस्टाउँदै जान अर्को कदमको रुपमा हामीले नयाँ वेबसाइट सार्वजनिक गर्न पाउँदा निकै उत्साहित छौं। हाम्रो हालै शुरुवात गरिएको वेबसाइटमार्फत ग्राहकहरुलाई आफ्नै घरको सुविधा र सुरक्षामा रहेर सामसङ उत्पादनहरु खरिदको नयाँ अनुभव प्रदान गर्दै उनीहरुको सेवाका लागि तत्पर छौं।'

पञ्चकन्या स्टिलको नयाँ उत्पादन सार्वजनिक

काठमाडौं/मस-पञ्चकन्या स्टिलले आफ्नो नयाँ उत्पादन सार्वजनिक गरेको। कम्पनीले उत्कृष्ट लचकता भएको अर्को उत्पादन ५५० एक्सडी र ५०० एक्सडी नयाँ फलामे छड सार्वजनिक गरेको हो।

पञ्चकन्या प्राईम स्टिलमा शुद्ध रासायनिक तत्व सल्फर, फोस्फरस तथा न्यून कार्बनको प्रयोग भएको कम्पनीको दावी छ। जसले गर्दा यसमा उच्च लचकता, लम्बाईको आकारमा पनि एकरुपता र आकर्षक रिवारले युक्त छ। जसरी ५०० डी मा हामीले ग्राहकलाई पूर्ण विश्वास दिलाएका थियौं त्यसैगरी यसको शक्तिमा पनि एकरुपता तथा बारहरुलाई धेरै भन्दा धेरै तन्काउन सकिने क्षमता र ठुलो भुकम्पमा पनि क्षति नपुग्ने गरी लामो आयु भएको कम्पनीले जनाएको छ।

नयाँ रिब्ड डिजाइन भएको ५०० एक्स्.डी. र ५५० एक्स्.डी. प्रति युनिटको लम्बाईमा त्यसको पारदर्शीता स्पष्ट देखिने भएकाले यसलाई अझ बढी सुदृढ र बलियो बनाएको छ। यसले कन्क्रिटमा पनि सजिलै पकड गर्ने क्षमता राख्दछ। पञ्चकन्या ५०० एक्स्.डी. जुनसुकै विकासका पूर्वाधारका कामहरु र ५५० एक्स्.डी. का छडहरु ठुलाठुला आयोजना तथा अग्लाअग्ला निर्माणका लागि हुने दृढता साथ पैसाको पनि बचत हुने हुन्छ। उच्च लचकता भएका रिबारहरु ८ मी.मी. र ४० मी.मी. साईजमा उपलब्ध गराउन सकिनेछ। एक्स्.डी. ग्रेडका उच्च गुणस्तर भएका बारहरुमा कम्पनीले कुनै पनि मूल्य वृद्धि गरेको छैन र ५०० डी ग्रेड पुरानै मुल्य अनुसार नै उपलब्ध गराइने जानकारी कम्पनीले दिएको छ।

सानिमा बैंकको अपांगमैत्री वेबसाईट सार्वजनिक

काठमाडौं/मस-सानिमा बैंकले नेपाली बैंकिङ्ग क्षेत्रमा पहिलो पटक अपाङ्गमैत्री वेबसाइटको संचालनमा ल्याएको छ। यो वेवसाइट राम्रोसँग देख्न नसक्ने, श्रवणशक्ति कम भएका तथा कम्प्युटर प्रयोग गर्न कठिन हुने व्यक्तिलाई उपयोगी हुने बैंकको दाबी छ। वेवसाइटको प्रयोगले अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सजिलै वित्तीय जानकारी तथा पहुँच प्रदान गर्ने बैंकको विश्वास छ। कम्पनीका अनुसार अन्य व्यक्तिहरु जस्तै वृद्धवृद्धा तथा नयाँ प्रयोगकर्ताहरुलाई पनि अनलाईनबाट आफ्नो बैंकको सेवा सम्बन्धी जानकारी तथा बैंकिङ्ग पहुँच पुऱ्याउने प्रयास गरेको छ।

लक्ष्मी बैंकले पायो दोहा बैंकको २० मिलियन अमेरिकी डलर बराबरको ऋण

काठमाडौं/मस-लक्ष्मी बैंकले दोहा बैंक दुबईबाट ३ वर्षका लागि २० मिलियन अमेरिकी डलर बराबरको बैदेशिक मुद्रामा ऋण प्राप्त गरेको छ। २०७७ साल, बैशाख १५ गते लक्ष्मी बैंकका प्रमुख कार्यकारी अधिकृत अजय विक्रम शाह तथा दोहा बैंकको नेपालस्थित कन्ट्रि हेड सुरज विक्रम शाहीको उपस्थितिमा सो सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। नेपाल राष्ट्र बैंकको स्वीकृति पश्चात सो ऋण रकम प्राप्त भएको हो। सो रकमबाट प्राथमिकता प्राप्त क्षेत्रमा ऋण प्रवाह गर्न बैंकलाई थप स्रोत प्राप्त भएको छ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**